**निर्णय न १:**

वीरेन्द्रनगर नगरपालीकाले वडा कार्यालय संचालन गर्न सुचना गरेअनुसार घर भाडा दिन ईच्छुक घरधनीहरुले पेश गरेको मासिक घरभाडा दररेटमा वडा न ३,६ र ५ मा रु.१४,००० (चौध हजार मात्र ।) भित्रमा र अन्य आफनै कार्यालय भवन नभएका वडाहरुमा रु.१०,००० (दश हजार मात्र ।) भित्रमा हुने गरी वडा कार्यालय बसेको दिनबाट नै लागु हुने गरी सम्झौता गर्दै घरभाडा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय न २:**

रु.५ लाख सम्मको वडा स्तरीय योजनाको सम्झौता सम्बन्धीत वडा तहमै गर्नुका साथै अन्तिम किस्ताको भुक्तानी गर्नुपुर्व नगर स्तरीय अनुगमन समितीबाट कम्तीमा एक पटक अनिवार्य अनुगमन गराई फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय न ३:**

वडाको आन्तरीक आयबाट खर्च गर्नुपर्ने विषयको सम्बन्धमा चालु तर्फ ५० प्रतिशत र विकास तर्फ ५० प्रतिशत हुने गरी खर्चको मापदण्ड निर्धारण गर्ने र वडा समिती बाट स्वीकृत कार्यक्रमका आधारमा चौमासिक निकासा नगर कार्यपालीका कार्यालयले दिने निर्णय गरियो ।

**निर्णय न ४:**

आ.व. ०७४।०७५ मा शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय,सुर्खेतको वार्षिक कार्यक्रम अर्न्तगत ब.उ.शि.न.३४७१८६(सघन सहरी विकास कार्यक्रम) को मुख्य शहरी क्षेत्रमा सडक तथा नाला निर्माण कार्यका लागी रु.६ करोड बजेट विनियोजन भएको उक्त योजनामा निर्माण कार्य कार्यान्वयनका लागी निम्न योजना छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निम्न

१.एयरपोर्ट कालुन्चौक हुँदै गणेश चोक सम्मको हर्टलाईन सडक सुधार/सिमलचौक वी.न.पा.८ वातावरण मार्ग सडक सुधार ।

**निर्णय न ५:**

यस नगरको वडा न ९ को मुख्य प्रवेशद्धारको रुपमा रहेको मंगलगढि लाटिकोइली सडकमा सवारी साधनको अत्याधिक चाप भएको हुँदा मंगलगढि देखी लाटिकोइली शिव मन्दिर सम्म २५ मिटरको सडक विस्तारको कार्य गर्न वडा कार्यालय वडा न ९ लाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय न ६:**

यस वीरेन्द्रनगर नगरपालीकाको वडा न.१२ का वडा अध्यक्ष श्री लोक प्रसाद चालीसेको आमाको मिती २०७४।०५।२२ गते स्वर्गारोहण भएको सम्बन्धमा मृत आत्माको शान्तिको कामना गर्दै यस नगर कार्यपालीका बैठक बाट शोक प्रस्ताव पारीत गर्ने निर्णय गरियो ।